पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ५५ प्रमाणित मिति: २०७७ माघ २४ गते

## भाग १

## कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७७ (पहिलो संसोधन)

| सी.नं. | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप | संशोधन तथा थप गर्नुपने ´ कारण |
|---|---|---|---|---|
| १ | | प्रस्तावनाःनेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सर कार संचालन ऐन, २०७४ को ब्यवस्था अनुसार नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम पो खरा महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ। | नेपालको संविधानको धारा २२६ प्रावधान, धारा २२८ को उप-धारा (२) तथा अनुसूची ८ को अधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ को ब्यवस्था बमोजिम पोखरा महानगर पालिकाको नगर सभाले यो ऐन बनाएको छ। | भाषिक शुद्धता |
| २ | दफा(२) | २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा | २. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागे मा यस ऐनमा<br>ठ) “कार्यपालिका” भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिकालाई जनाउछ।<br>ड) “प्रमुख” पोखरा महानगरपालिकाको प्रमुखलाई जनाउछ।<br>ढ) “प्रमुख” प्रशासकीय अधिकृत भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकीएको कर्मचारीलाई जनाउछ।<br>ण) “कर एकाइ” भन्नाले महानगरपालिकाको कर सम्बन्धी काम, कार्वाही र निर्णय गर्ने महाशाखा, शाखा वा सो प्रयोजनका लागि तोकिएको महाशाखा, शाखा वा सो प्रयोजनका | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | लागितोकिएका कार्यालयको रुपमा रहेको संगठन संरचनालाई जनाउछ । त) "महानगरपालिका" भन्नाले पोखरा महानगर पालिकालाई जनाउछ । थ) "समिति" भन्नाले ऐन अनुसार गठन भएको राजश्व परामर्श समितिलाई जनाउछ । द) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकारजनाउछ । ध) "प्रदेश ऐन" भन्नाले गण्डकी प्रदेशको आर्थिक ऐन जनाउछ । | |
| ३ | दफा(२) | | (२) यस ऐनमा परिभाषित गरिएका लवजहरु सोही अनुसार र अरुमा प्रचलीत ऐन व्याख्या सम्बन्धी संघीय ऐन र यस ऐनको दफा ४ अनुसारको सिद्धान्तमा गरिनेछ । | समयानुकुल आवश्यक |
| ४ | दफा(६) | | (२) राजश्व शाखा प्रमुखले कर अधिकृतको हैसियतमा काम गर्नेछ । | समयानुकुल आवश्यक |
| ५ | दफा(६) | (२) राजस्व शाखाले स्वीकृत दरबन्दीका आधारमा वडा कार्यालयहरुमा राजस्व सम्बन्धी काम गर्ने गरी तोकिएका कर्मचारीहरु तथा राजस्व संकलन स्थानमा तोकिएका कर्मचारीहरुलाई काममा लगाउन सकिनेछ । | (३) राजस्व शाखाले स्वीकृत दरबन्दीका आधारमा वडा कार्यालयहरुमा राजस्व सम्बन्धी काम गर्ने गरी तोकिएका कर्मचारीहरु तथा राजस्व संकलन स्थानमा तोकिएका कर्मचारीहरुलाई काममा लगाउन सकिनेछ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| ६ | दफा(१०) | (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सम्पत्ति कर लगाउनेछ । | (१) महानगरपालिकाको अधिकार क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र जग्गामा सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दर मा सम्पत्ती कर लगाउनेछ । | भाषिक शुद्धता |
| ७ | दफा(१०) | | (५)(झ) महानगर पालिकाले तोकेको अवधि भित्र सामूहिक आवास वा संयुक्त आवास अर्न्तगत निर्माण भएका आवास विक्री नभई बाँकी रहेको स्टकमा सम्पत्ती कर लाग्ने छैन ।<br>तर स्टकको कुनै प्रकारले उपयोग भएकोमा त्यस्तो स्टकमा कर लाग्ने छ । | समयानुकुल आवश्यक |
| ८ | दफा(१०) | (८) उपदफा (७) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेटको सुझाव महानगरपालिकामा सिफारिश गर्नेछ । | (८) उपदफा (७) बमोजिम गठित समितिको कार्यावधि तीन वर्षको हुनेछ र समितिले प्रत्येक वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररेटको सुझाव महानगरपालिकामा सिफारिश गर्नेछ । यसरी निर्धारण भएको मूल्याँकन लागु हुने आर्थिक वर्ष सम्म परिवर्तन हुनेछैन । | भाषिक शुद्धता |
| ९ | दफा(१५) | | (१) महानगरपालिकाको आर्थिक ऐनमा दर तोकेर रिक्सा, इरिक्सा तथा अटो रिक्सामा कर लगाउनेछ । | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| १० | दफा(१५) | (१) महानगरपालिकाले कर लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, अनुमति, नवीकरण तथा नियमनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ । | (२) महानगरपालिकाले कर लगाउने भनी तो किएका सवारी साधनहरुको दर्ता, अनुमति, नवीकरण तथा नियमनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि वनाई लागु गर्न सक्नेछ । | भाषिक शुद्धता |
| ११ | दफ(१५) | (२) यस दफा बमोजिम लगाइएको सवारी कर वार्षिक रुपमा वुझाउनु पर्नेछ । | (३) यस दफा बमोजिम लगाइएको सवारी कर वार्षिक रुपमा वुझाउनु पर्नेछ । | भाषिक शुद्धता |
| १२ | दफा(१५) | | (४) यसरी संकलित सवारी कर वापतको र कम प्रचलितसंघीय र प्रदे श कानूनमा तोकीए बमो जिम प्रदेशलाई हस्तान्तरण गरिनेछ । | समयानुकुल आवश्यक |
| १३ | दफा(१७) | (१) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवल कार, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी से वा वा व्यवसायमा सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा सेवा शुल्क लगाइ असूल उपर गर्नेछ ।<br>(क) केवलकार शुल्क : महानगरपालिकाले आफ्नो क्षे त्र भित्र संचालन भएका के बलकारमा शुल्क लगाई उठाउन सक्नेछ । यस बमो जिम शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नपने छ । यसरी संकलन गरेको शुल्क संकलन गरेको महिना | | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | पछिको महिनाको २५ दिन भित्र विवरण साथ कर एकाइमा दाखिला गर्नं पर्नेछ ।<br>(ख) डुंगा परिवहन (बोट सेवा) शुल्क : महानगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका डुंगा परिवहन (बोट सेवा ) मा शुल्क लगाई उठाउन सक्नेछ ।<br>(ग) प्याराग्लाइडिङ्ग शुल्क : महानगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालन भएका मनोरञ्जनात्मक खेल प्यारग्लाइडिङ्ग मा शुल्क लगाई उठाउन सक्नेछ । | | |
| १४ | दफा(२०) | (७) यस दफा बमोजिम विक्री तथा संकलन शुल्क वापत प्राप्त रकम महानगर पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । | (७) यस दफा बमोजिम विक्री तथा संकलन शुल्क वापत प्राप्त रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम महानगरपालिकालाई प्राप्त हुने रकम स्थानीय सञ्चित कोषमा जम्मा गरिनेछ र प्रदेशलाई प्राप्त हुने रकम प्रदेशलाई हस्तान्तरण गरिनेछ । | भाषिक शुद्धता |
| १५ | दफा(२०) | | २३ (क). थप विषय तथा क्षेत्रमा शुल्क लगाउन सक्ने : स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफुले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ । | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| १६ | दफा(३७) | (२) यस ऐन वमोजिम कर दाताले विबरण पेश नगरे को अवस्थामा कर अधिकृतले अनुमानका आधारमा कर निर्धारण गरी करदातालाई जानकारी दिन सक्नेछ । | (२) यस ऐन बमोजिम कर दाताले विवरण पेश नगरे को वा देहायका उल्लेखित सवै वा कुनै भए गरेको दे खिएमा कर अधिकृतवाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ । सो कर्मचारी स्थायी हुनुपर्नेछ ।<br>क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदे खिएमा ।<br>(ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा ।<br>ग) यथार्थ कारोबार नदे खाएको विश्वास गर्नपर्ने कारण भएमा ।<br>(घ) कारोबारका आधार मा करको दायित्व कम देखाएकोमा ।<br>(ङ) करको दर फरक पारेकोमा ।<br>(च) ऐन बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।<br>(३) उपदफा (२) बमो जिम कर निर्धारण गर्नपने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।<br>(४) उपदफा (३) बमो जिम सूचना प्राप्त भएको मा करदाताले सूचनामा | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | | तोकिएको म्याद भित्र आफ्नो स्पष्टिकरण पेश गर्नं पर्नेछ । (५) उपदफा (४) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टिकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टिकरण पेश नगरेमा ऐन बमोजिम कर निर्धारण गर्नं पर्नेछ । | |
| १७ | दफा(३७) | (३) करदाता तथा करको आधारको अभिलेख राख्ने तथा कर निर्धारणको लागि महागनरपालिकाले कम्प्युटर सफ्टवयर प्रणालीलाई प्रयोगमा ल्याउन सक्नेछ । | (६) करदाता तथा करको आधारको अभिलेख राख्ने तथा कर निर्धारणको लागि महानगरपालिकाले कम्प्युटर सफ्टवयर प्रणालीलाई प्रयोगमा ल्याउन सक्नेछ । | भाषिक शुद्धता |
| १८ | दफा(३७) | (४) उपदफा (३) बमोजिमको कार्यकोलागि सम्भव भएसम्म नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको वा स्वीकृत गरेको सफ्टवयरलाई प्रयोगमा ल्याउनु पर्दछ । | (७) उपदफा (६) बमोजिमको कार्यको लागि सम्भव भएसम्म नेपाल सरकार वा प्रदेश सरकारले विकास गरेको वा स्वीकृत गरेको सफ्टवयरलाई प्रयोगमा ल्याउनु पर्दछ । | भाषिक शुद्धता |
| १९ | दफा(३८) | (१) यस ऐन वमोजिम कर निर्धारण भएको सूचना प्रत्येक आर्थिक बर्षको पहिलो चौमासिक भित्र सम्वन्धित करदाताहरुलाई दिनु पर्दछ र यस्तो सूचना विजक जारी गरी वा पत्र मार्फत वा इमेल वा एसएमएसवाट दिन सकिनेछ । | (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैक खाता नम्बर समेत उल्लेख गरी आवको पहिलो चौमासिक भित्र करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ । (२) उपदफा (१) बमोजिमको यस्तो सूचना विजक जारी गरि वा पत्र मार्फत वा इमे | |

| | | | | |
|---|---|---|---|---|
| | | | वा एसएमएसवाट दिन सकिनेछ । | |
| २० | दफा(४१) | ४१) कर दाखिलाको निस्सा दिनुपर्ने : करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य र कम बुझिलिए पछि राजस्व शाखाले तत्काल त्यसको निस्सा दिनु पर्नेछ । | ४१) कर दाखिलाको निस्सा दिनुपर्ने : करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझिलिए पछि राजस्व शाखाले तत्काल त्यसको निस्सा दिनु पर्नेछ । तर ढिला बुंझाए वापत यस ऐन बमोजिम लाग्ने जरिवाना मिनाहा हुने छैन । | भाषिक शुद्धता |
| २१ | दफा(४७) | ४७) प्रशासकीय पुनरावलोकन हुन सक्ने : यस ऐन बमोजिमका देहायको निर्णयमाथि प्रशासकीय पुनरावलोकन हुन हुन सक्नेछ । | ४७) (१) प्रशासकीय पुनरावलोकन हुन सक्ने : यस ऐन बमोजिमका देहायको निर्णयमाथि प्रशासकिय पुनरावलोकन हुन सक्नेछ । | भाषिक शुद्धता |
| २२ | दफा(४७) | | (२) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा वा चित्त नवुझेमा सोको निराकरणका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।<br>(३) उपदफा (२) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ ।<br>४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | विचारधीन रहेको वा अदालतबाट निर्णय भैसके को विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गरिने छैन । | समयानुकुल आवश्यक |
| २३ | दफा(४९) | ४९. पुनरावेदन दिन सक्ने : प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा मितिले साठ्ठी दिनभित्र चित्त नबुझ्ने पक्षले प्रचलित कानून बमोजिम पुनर ावेदन दिन सक्नेछ । | ४९. पुनरावेदन दिन सक्ने प्रशासकीय पुनरावलो कनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोक नहुने विषयमा जानकारी तथा कारण परे को मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन दिन सक्नेछ । अदालतले गरेको निर्णय अन्तिम हुनेछ । | |
| २४ | दफा(५४) | (१) महानगरपालिकाले कर संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गरिने छैन । तर, जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन कर जस्ता करहरु संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्का बन्दोबस्त गर्न सकिनेछ। | (१) महानगरपालिकाले कर संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गरिने छै न । | भाषिक शुद्धता |
| २५ | दफा(५६) | (३) कुनै ठेकेदारले महानगर पालिकाले तोकेको दरभन्दा बढी दरमा आय असूल गरे मा वा सम्झौतामा उल्लेख नभएका वस्तु वा सेवामा कर, सेवा शुल्क वा दस्तुर असुल गरेको भनि प्रमाण सहित महानगरपालिकामा उजुरी दिएमा छानविन गरी | (३) कुनै ठेकेदारले महानगर पालिकाले तोकेको दरभन्दा बढी दरमा आय असूल गरे मा वा सम्झौतामा उल्लेख नभएका वस्तु वा सेवामा , सेवा शुल्क वा दस्तुर असुल गरेको भनि प्रमाण सहित महानगरपालिकामा उजुरी दिएमा छानविन | |

| | | | | |
|---|---|---|---|---|
| | | बढी असुल पाईएमा त्यस्तो रकम सम्वन्धित व्यक्तिलाई दुई दिनभित्र धरोटी रकमवाट फिर्ता दिई ठेकदारलाई जानकारी दिनु पर्नेछ । | गरी बढी असुल पाईएमा त्यस्तो रकम सम्वन्धित व्यक्तिलाई दुई दिनभित्र धरोटी रकमवाट फिर्ता दिई ठेकदारलाई जानकारी दिनु पर्नेछ । | |
| २६ | | | परिच्छेद १५ राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था<br>६०) राजस्व सम्बन्धि नयां प्रस्ताव : नगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ प्रस्ताव तयार गर्दा सरोकारवाला संग परामर्श गर्नु पर्नेछ । | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| २७ | | परिच्छेद-१५ | परिच्छेद-१६ | |
| २८ | दफा(६०) | ६०) प्रगतिशील कर प्रणाली अवलम्बन गरिने : | ६२) प्रगतिशील कर प्रणाली अवलम्बन गरिने : | |
| २९ | दफा(६१) | ६१) विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने : | ६३) विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने : | |
| ३० | दफा(६२) | ६२) कागजातको ढाँचा : यो ऐन र यस ऐन अन्तरगत बने को नियमावली वा कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विबरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यबस्था गर्न उपयुक्त देखिएमा कार्यपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ । | ६४) कागजातको ढाँचा : यो ऐन र यस ऐन अन्तर गत बनेको नियमावली वा कार्यविधि वा निर्देशिकामा उल्लेख नभएको वा नतो किएको कुनै विबरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यबस्था गर्न उपयुक्त दे खिएमा कार्यपालिकाले आदे श वा सूचना जारी गरि आवश्यक व्यवस्था गर्न सक्नेछ । यस बमो जिमको आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पाटी, वे भसाइट र स्थानीय सञ्चार माध्यमबाट उपलब्ध गर ाउन सकिनेछ । | |
| ३१ | दफा(६३) | ६३) सूचना तामेली रीत पुगे को मानिने | ६५) सूचना तामेली रीत पुगेको मानिने | |
| ३२ | दफा(६४) | ६४) विभागीय कारवाही हुने | ६५) विभागीय कारवाही हुने | |
| ३३ | दफा(६५) | ६५) पुरष्कृत गर्न सक्ने | ६७) पुरष्कृत गर्न सक्ने | |
| ३४ | दफा(६६) | ६६) सूचना सार्वजनिक गर्नुपर्ने | ६८) सूचना सार्वजनिक गर्नुपर्ने | |

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | ६९) म्याद, हदम्याद नजाने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गणना गरिनेछ :<br>(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,<br>(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि । | समयानुकुल आवश्यक |
| ३६ | | | ७०) अदालतलाई भए सरहको अधिकार हुने : यो ऐनको प्रयोजनको लागि ऐनको अधिकारको दायराभित्र रही नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखितहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल ऐन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ । | समयानुकुल आवश्यक |
| ३७ | | | ७१) कागजातको अभिलेख राख्ने : (१) यस ऐन बमोजिम कर बुझाउर्ने दायित्व भएको प्रत्येक करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ :<br>(क) यस ऐन बमोजिम | |

| | | | | |
|---|---|---|---|---|
| | | | (क) यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्रयाई गर्ने सूचना तथा कागजात ।<br>(ख) कर निर्धारण गर्न सघाउ पूयाउने कागजातहरु ।<br>(ग) खर्च कट्टी गर्नुपने भए सोलाई पुष्ट्रयाई गने कागजात ।<br>(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आर्थिक वर्ष समाप्त भएको मितिले कम्तिमा ५ वर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ । | समयानुकुल आवश्यक |
| ३८ | दफा(६७) | ६७) नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकार | ७२) नियमावली, निर्देशिका वा कार्यविधि बनाउने अधिकार | |
| ३९ | दफा(६८) | ६८) वाधा अड्काउ फुकाउने अधिकार | ७२) वाधा अड्काउ फुकाउने अधिकार | |

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**